# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या:२०७५।७६
च.नं.

श्री प्रमुखज्यू,
महाकाली नगरपालिका, दार्चुला ।

मितिः २०७५।१२।१२

विषयः **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट महाकाली नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ४५ लाख ३१ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.४ लाख ७५ हजार, नियमित गर्नुपर्ने रु.६६ लाख ६६ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.७२ लाख ९ हजार र पेश्की रु.१ लाख ८० हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।१ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभई कायम व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना एघार (११) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानुनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# महाकाली नगरपालिका
# लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलव्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । ७ नं. प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत ९ वडा, ५० नगर सभा सदस्य, १३५.११ वर्ग कि.मी.क्षेत्रफल र २१२३१ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७४।७५ को स्थानीय संचित कोष आयव्यय हिसावको संक्षिप्त अवस्था निम्न वमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | **२८३६४४७६.१८** | १ | **चालु खर्च** | | **२५३९४३९५८.९१** |
| | क) नगद | २९१९१.०० | ० | २ | **पूँजीगत खर्च** | | **१३०४६५२१४.६६** |
| | ख) बैंक | २८३३५२८५.१८ | ० | ३ | **वित्तीय व्यवस्था भुक्तानी** | | **४३४५४३.१४** |
| २ | **राजस्व (आन्तरिक आय)** | | **३६९८५१२.४४** | | क) ऋण भुक्तानी | १८९२७२.६६ | |
| | क) आन्तरिक राजस्व | ३१२३४२१.४४ | ० | | ख) ब्याज भुक्तानी | २४५२७०.४८ | |
| | ख) राजस्व बाँडफाँड | ५७५०९१ | ० | | ग) अन्य भुक्तानी | ०.०० | |
| | ग) अन्य आय | | ० | ४ | **लगानी** | | **०.००** |
| ३ | **वित्तीय हस्तान्तरण** | | **३५५२३९९८३** | | ऋण लगानी | ०.०० | |
| | क)वित्तीय समानीकरण अनुदान | १६८३३७०००.०० | ० | | शेयर लगानी | ०.०० | |
| | ख) सशर्त अनुदान | १८३१९२०००.०० | ० | | अन्य लगानी | ०.०० | |
| | ग) समपूरक अनुदान(सडक वोर्ड) | ३७१०९८३ | ० | ५ | **धरौटी फिर्ता** | | **११९५२४८.००** |
| | घ) विशेष अनुदान | ०.०० | ० | ६ | **कोष खर्च** | | **०.००** |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **४२००९५.००** | ७ | **मौज्दात** | | **५७५०९२७४.३५** |
| | क)वित्तीय समानीकरण अनुदान | ०.०० | ० | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | ४२००९५ | ० | | ख) बैंक मौज्दात | ५७५०९२७४.३५ | |
| | ग) समपूरक अनुदान | ०.०० | ० | | | | |
| | घ) विशेष अनुदान | ०.००० | ० | | | | |
| ५ | **अन्तर स्थानीय तहबाट प्राप्त** | | **०.००** | | | | |
| ६ | **वित्तीय व्यवस्था प्राप्ति** | | **१०९३२७९.००** | | | | |
| | क) ऋण प्राप्ति | १०९३२७९.०० | ० | | | | |
| | ख) साँवा प्राप्ति | ०.०० | ० | | | | |
| | ग) ब्याज प्राप्ति | ०.००० | ० | | | | |
| | घ) अन्य प्राप्ति | ०.०० | ० | | | | |
| ६ | **विभिन्न कोषतर्फको आय** | | **७१९९५४३.४२** | | | | |
| ८ | **जनसहभागिता (नगद)** | | **१४३७२५५७.८०** | | | | |
| ९ | **विषयगत निकायबाट प्राप्त रकम** | | **३०४३७०००** | | | | |
| १० | **धरौंटी आय** | | **२१६२५९५** | | | | |
| ११ | **लगानीको साँवा फिर्ता** | | **०.००** | | | | |
| १२ | **अन्य विविध आय** | | **५६०१९७.२२** | | | | |
| | **जम्मा** | **४४३५४८२३९.०६** | **४४३५४८२३९.०६** | | **जम्मा** | **४४३५४८२३९.०६** | **४४३५४८२३९.०६** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | **खर्च गर्ने अख्तियारी र कार्यविधि:** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट बजेट स्वीकृत भएको ७ दिन भित्र नगर प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकीय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्न अख्तियारी दिनुपर्ने व्यवस्था छ । नगरसभाबाट २०७५।५।३० मा बजेट स्वीकृत भए पनि नगर सभाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी दिएको देखिएन र प्रमुख प्रशासकीय अधिकृतले वडा सचिवलाई कार्यक्रम र वजेट सहित खर्च गर्ने अख्तियारी दिएको देखिएन । ऐनको पालना हुनुपर्दछ । | |
| २. | **वजेट पेश गर्ने र पारित गर्ने:** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नु पर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरि १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारित गर्नुपर्ने व्यवस्था छ । आ.व.२०७४।७५ को नगर सभाको पहिलो बैठकले २०७५।५।३० मा मात्र बजेट स्वीकृत गरेको देखियो । ऐनको व्यवस्था पालना भएको देखिएन । | |
| ३. | **आन्तरिक नियन्त्रण प्रणाली:** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय बनाउन तथा प्रचलित कानुन वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ । यस नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणाली तयार नगरेको र आर्थिक वर्ष २०७४।०७५ को आन्तरिक लेखा परीक्षण गराएको पाईएन । | |
| ४. | **लक्ष्य प्रगतिको स्थिति:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगति विवरण पेश गर्ने व्यवस्था छ । नगरपालिकाले सञ्चालन गरेका कार्यक्रमको उपर्युक्त अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गरेको देखिएन | |
| ५. | **चौमासिक खर्च:** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार कूल खर्च रु.३४ करोड ५३ लाख ४४ हजारमा प्रथम चौमासिकमा १२.५० प्रतिशत, दोश्रो चौमासिकमा १४.६५ प्रतिशत र तेश्रो चौमासिकमा ७१.७५ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ मसान्तमा ४१.२३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । | |
| ६. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति रु व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६५ रहेपनि पदपूर्ति २६ रहेको देखियो । अधिकृत सहित ५ पद रिक्त रहेका छन । ती मध्ये २५ जना करारमा राखी कार्य संचालन गरिएको छ । अनावश्यक पद भए खारेज गर्नु पर्नेमा कुनै कारवाही गरेको देखिएन । | |
| ७. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ८. | **राजश्व अभिलेख:** आर्थिक कार्यविधि ऐन, २०५५ को परिच्छेद ४ दफा १२ र १३ ले राजश्वको अभिलेख अद्यावधिक गरी सोको लेखापरिक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाले लेखापरीक्षणको क्रममा राजश्वको आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख व्यवस्थित गरी श्रेस्ता राखेको छैन । सवै आम्दानी रसिद, आम्दानी खाता उपलव्ध हुन नसकेकोले यसवाट स्थानीय तहको वास्तविक राजश्व असुली र दाखिला एकिन हुन सकेन । वर्तमान स्थानीय तहवाट समेत यसमा विशेष ध्यान दिई आन्तरिक आयको उचित अभिलेखाङ्कन तथा परिचालन गर्नुपर्दछ । | |
| ९. | **अग्रिम कर:** आयकर ऐन, २०५८ को दफा ८८ अनुसार रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सिभील इन्जीनीयर पदको सिफारिस बैठक बसेर रु.८०००। को भुक्तानीमा नियमानुसार आयकर वापत १५ प्रतिशतले रु.१२००। कट्टा गरी भुक्तानी दिनु पर्नेमा सो रकम कट्टा गरी दाखिला भएको नदेखिएकोले दाखिला हुनुपर्ने रु | १२००/- |
| १०. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिवेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले प्रशासन तर्फका कर्मचारीको तलब रु. २ करोड ८२ लाख ४ हजार खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवी प्रतिवेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । | |
| ११. | **कन्टिन्जेन्सी खर्च** : कन्टिन्जेन्सी खर्च गर्दा पूँजीगत प्रकृतिका खर्चमा ४० प्रतिशत र चालू प्रकृतिका खर्चमा ६० प्रतिशत खर्च गर्नु पर्ने नीति रहेका छ । नगरपपालिकाले कन्टिन्जेन्सीमा रु.२३८९०००। खर्च गरेको छ । कन्टिन्जेन्सी खर्चको योजनागत खाता नराखेकोले कन्टिन्जेन्सी खर्च परिधि भित्र रहे नरहेको एकिन हुन सकेन । | |
| १२. | **नगर विकास कोषको ऋण:** गो.भौ.नं.४० ख मिति २०७५।३।३१ नगरपालिका क्षेत्र भित्ररहेको महेन्द्र नमूना उच्च मावि खलंगाको हाता भित्र व्यवसायिक भवन निर्माण गर्ने परियोजना कार्यान्वयन गर्न नगर विकास कोष र तत्कालीन अपी नगरपालिका (हाल महाकाली नगरपालिका) बीच २०७२।१२।१८ मा ऋण सम्झौता भएको देखिन्छ । सो ऋण सम्झौता अनुसार परियोजनाको लागत रु.७८९७०००। मध्ये ६० प्रतिशतले हुने ऋण रु.४७३८२००। नगर विकास कोषबाट प्राप्त हुने उल्लेख छ । सो ऋण समेतबाट नगरपालिकाले व्यवसायी भवन निर्माण गरी यो भौचरबाट निर्माण व्यवसायी यामुना विल्डर्स प्रा.लि.छनौट भएको देखिन्छ । सो कारोवार सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार छन । | |
| १२.१ | नगर विकास कोषबाट नगरपालिकालाई २०७५ आषाढ सम्म रु.३४६७८६४। ऋण प्राप्त भएकोमा व्याज प्रत्येक वर्ष तिर्दै आएको र २०७५ आषाढ सम्म रु.३२७८५९१। ऋण तिर्न बाँकी रहेको विवरण पेश भएको छ । यो वर्षको आय व्यय विवरणमा यो वर्ष प्राप्त गरेको ऋण रु.१०९३२७९। आय तर्फ देखाएको तीर्न बाँकी ऋण रु.३४६७८६४। लाई आय व्यय विवरणमा देखाउने व्यवस्था गरेको छैन । नगरपालिकाको सवै किसिमको कारोवारलाई वित्तीय | |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| | विवरणमा समेट्नु पर्दछ । | |
| १२.२ | भवन निर्माणको लागि छनौट भएका निर्माण व्यवसायी यमुना विल्डर्स प्रा.लि. काठमाण्डौंसँग नगरपालिकाले रु.४६७५६५७। मा मिति २०७३।३।१३ मा सम्झौता गरेको छ । शुरु ठेक्का अवधि २०७३।११।३० सम्म रहेकोमा म्याद थप गरी ठेक्काको म्याद पहिलो पटक २०७४ जेष्ठ मसान्त सम्म पुऱ्याएको देखिन्छ । तत्पस्चात पुनः म्याद थप गरी २०७५।२।१० सम्म पुऱ्याएको छ । निर्माण व्यवसायीलाई अन्तिम वीलको भुक्तानी भएकोमा मर्मत संभार अवधि( २०७६।३।९) सम्मको बैंक जमानत हुनुपर्नेमा एन.सि.सि.बैंकको ४ जुलाई २०१६ को कार्यसम्पादन जमानत अनुसार जमानत रकम रु.२६५०००। रहेको र म्याद जुन २६ २०१८ ( मिति २०७५।३।१२) सम्म रहेको देखियो । कार्यसम्पादन जमानतको म्याद नपुग देखिएकोले सो म्याद थप गर्नुपर्दछ । | |
| १२.३ | निर्माण व्यवसायीः निर्माण व्यवसायीलाई यो वर्ष अन्तिम वीलको रु.१२१४७५४।(मू.अ.कर सहित) भुक्तानी भएको छ । निमावलीको व्यवस्था अनुसार निर्माण व्यवसायी कोषमा पठाउनु पर्ने रु.१०७५। | **१०७५/-** |
| १२.४ | मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १८ (१) बमोजिम करदाताले प्रत्येक महिना आफुले बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिए बमोजिम कर विवरण पेश गर्नु पर्नेछ । यस्तो विवरण सो महिनामा कर लाग्ने कारोबार गरेको वा नगरेको जेसुकै भएतापनि पेश गर्नु पर्ने उल्लेख छ । निर्माण व्यवसायीलाई वीलको रु.१२१४७५४। भुक्तानी हुँदा रु.१३९७५०। मू.अ.कर समेत भुक्तानी भएको छ । सो कर निर्माण व्यवसायीले विवरण सहित आन्तरिक राजश्व विभागमा बुझाउनु पर्नेमा आन्तरिक राजस्व विभागको वेभ साइटमा निज करदाता (स्थायी लेखा नं ३०१८८०५२१) पान सर्च हेर्दा निजले २०७३ बैशाख देखिकै मू.अ.कर र विवरण बुझाएको देखिएन । मूल्य अभिबृद्धि कर समायोजन पत्र पेश हुनुपर्ने रु | **१३९७५०/-** |
| १२.५ | **राजस्व शीर्षक फरकः** अर्थ मन्त्रालयबाट प्रकाशित राजस्व शीर्षकको वर्गीकरण र व्याख्या अनुसार प्राइभेट लिमिटेड कम्पनी (प्रा.लि.) लाई  भुक्तानी गर्दा कट्टा भएको अग्रिम कर राजस्व शीर्षक ११123 दाखिला गर्नुपर्ने उल्लेख छ । निर्माण व्यवसायीबाट कट्टा भएको रु.१६१२६। अग्रिम आयकर राजश्व शीर्षक १-१-१-१-१ मा दाखिला गरेको छ । राजस्व निर्धारित शीर्षकमा दाखिला गर्नुपर्ने । | |
| १२.६ | **बीमाः** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११२(१) मा रु.दश लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले बीमा गराउनु पर्ने उल्लेख छ । व्यवसायिक भवन निर्माण व्यवसायी यमुना विल्डर्स प्रा.लि.लाई २०७५।३।३१ मा अन्तिम वीलको रु.१२१४७५४। र अन्तिम वील सम्मको रु.५१७२३९५। भुक्तानी गरेकोमा वीमा गरेको देखिएन । नियमानुसार वीमा गर्नुपर्दछ । | |
| १२.७ | **एज विल्ट नक्साः**सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२५(१) मा खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएको तीस दिन भित्र निर्माण व्यवसायीले एज विल्ट नक्सा पेश गर्नुपर्ने उल्लेख छ । त्यस्तै निर्माण व्यवसायी यमुना विल्डर्ससँग भएको सम्झौता को स्पेसिफिकेशनको दफा १६ मा सी.डि.सहित २ प्रति एज विल्ट ड्रइङ्ग पेश गर्नु पर्ने उल्लेख छ । व्यवसायी भवन निर्माण गर्ने उल्लेखित व्यवसायीलाई अन्तिम वील सम्मको रु.५१७२३९५। भुक्तानी गरेकोमा एज विल्ट नक्सा पेश गरेको देखिएन । नियममा व्यवस्था भए वमोजिम एज विल्ट नक्सा पेश हुनुपर्दछ । | |

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td>१३.</td><td>बैंक नगदी किताव: नगरपालिकाले गोश्वारा (एकीकृत) बैंक नगदी किताव खडा गर्नु पर्दछ । आय व्यय विवरण अनुसार पूँजीगत खर्चमा रु.१३०४६५२१४। देखाएको छ । नगरपालिकामा ९ वटा बैक नगदी किताव रहेका र प्रत्येक वडाको योजनाको लागि खर्च भएको पूँजीगत खर्चको लागि प्रत्येक वडाका १/१ गरी ९ वटा बैक नगदी किताव र नगरपालिका कार्यालयबाट खर्च गरिने योजनाको लागि एक गरी पूँजीगत खर्च तर्फ १० वटा बैंक नगदी किताव खडा गरेको देखियो । एकीकृत बैंक नगदी किताव खडा गरेको छैन । १० वटै बैंक नगदी कितावको खर्च जोडी आय विवरणमा राखेको छ । एकीकृत बैंक नगदी किताव खडा गरी आवश्यकता अनुसार सहायक किताव राख्नु पर्नेमा सो अनुसार गरेको देखिएन । एकीकृत बैंक नगदी किताव खडा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१४.</td><td>जोड जम्मा: बैंक नगदी कितावमा प्रत्येक महिनाको कारोवार जोड जम्मा गर्दै अर्को महिनामा जिम्मेवारी सार्दै आषाढ महिनाको खर्च निकाली बार्षिक खर्च देखाउनु पर्नेमा बैंक नगदी कितावको जोडजम्मा गरेको छैन । साथै कार्यालय प्रमुखबाट बैंक नगदी किताव प्रमाणित गरेको देखिएन । बैंक नगदी कितावको जोड जम्मा गर्नुपर्ने साथै खाता प्रमाणित समेत गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१५.</td><td>पारित बजेट र खर्च: नगरसभाबाट पारित बजेट अनुसार खर्च गर्नुपर्दछ । नगरसभाको मिति २०७४।५।३० मा बसेको बैठकबाट नगरपालिकाको २०७४।७५ लागि चालू तर्फ रु.१००२१४२५०। र पूँजीगत खर्च तर्फ रु.३३६९०५६५४। समेत जम्मा रु.४३७११९९०४। पारित गरेकोमा खर्चको स्थिति देहाय अनुसार छ ।
<table>
<tr><th>विवरण</th><th>पारित बजेट</th><th>खर्च</th></tr>
<tr><td>चालू खर्च</td><td>१००२१४२५०</td><td>२५३९४३९५८</td></tr>
<tr><td>पूँजीगत खर्च</td><td>३३६९०५६५४</td><td>१३०४६५२१४</td></tr>
<tr><td>जम्मा</td><td>४३७११९९०४/-</td><td>३८४४०९१७२/-</td></tr>
</table>
पारित बजेट र खर्चमा तालमेल मिल्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१६.</td><td>पुँजीगत खर्चमा न्यूनता: नगरसभाको २०७४।५।३० मा बसेको बैठकले नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने विभिन्न योजनाहरु कार्यान्वयन गर्न पुँजीगत खर्च तर्फ रु.३३६९०५६५४। बजेट स्वीकृत गरेको थियो । त्यस्तै चालु खर्च तर्फ रु.१००२१४२५०। बजेट स्वीकृत गरेको थियो ।आय व्यय विवरण अनुसार पूँजीगत रु.१३०४६५२१४। (अनुमानको ३८.७२ प्रतिशत खर्च) र चालु खर्चमा रु.२५३९४३९५८। (अनुमानको २५३.४० प्रतिशत खर्च) खर्च गरेको देखियो । चालु खर्चमा अनुमान भन्दा २५३.४० प्रतिशत बढी र पुँजीगत खर्चमा अनुमानको ३८.७२ प्रतिशत मात्र खर्च गरेकोले चालू खर्च अत्यधिक मात्रामा गर्ने र पुँजीगत खर्च आधा पनि नगरेको स्थिति देखियो । पुँजीगत खर्च लक्ष्य अनुसार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७.</td><td>रकमान्तर: आर्थिक कार्यविधि नियमावली,२०६४ को निमय ४०(३) मा रकमान्तर गर्दा जुन खर्च शीर्षकमा थप रकमान्तर गरिने हो सो खर्च शीर्षकमा विनियोजित रकमको पच्चीस प्रतिशत भन्दा बढी हुने गरी रकमान्तर गर्न नपाईने उल्लेख छ । नगरसभाको २०७४।५।३० मा पारित बजेट अन्तर्गतका देहायका खर्च शीर्षकमा २०७५।१।१२ को नगरसभाले थप रकमान्तर गर्दा सो सीमा भन्दा बढी गरी रकमान्तर गरेको देखियो । नियमको परिधिभित्र रही रकमान्तर गर्नु पर्दछ ।
<table>
<tr><th>खर्च शीर्षक</th><th>शुरु विनियोजन</th><th>थप रकमान्तर</th><th>प्रतिशत</th></tr>
<tr><td>सवारी साधन मर्मत</td><td>५०००००</td><td>३०००००</td><td>६०</td></tr>
<tr><td>सूचना प्रकाशन</td><td>२००००००</td><td>१००००००</td><td>५०</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td></td><td></td></tr>
<tr><td>१८.</td><td>गत वर्षको जिम्मेवारी नभिडेको : यो वर्षको आय व्यय विवरणमा गत वर्षको मौज्दात भनी रु.२८३३५२८५।१८ जिम्मेवारी सारेको छ । सो जिम्मेवारीमा २०७३।७४ को आय व्यय विवरणमा वडा नं.९ को खर्च खातामा मौज्दात देखिएको रु.३७२९४। जिम्मेवारी सरेको देखिएन । सो रकम सो वडाको बैंक खाता नं.४०९०००७४९९०१ मा मौज्दात नै रहेको देखिन्छ । सो रकमलाई जिम्मेवारी सारी २०७४।७५ को आय व्ययमा मौज्दात नै देखाउनु पर्नेमा देखाएको छैन । सो मौज्दात रकम दाखिला हुनुपर्ने रु</td><td>३७२९४/-</td></tr>
<tr><td>१९.</td><td>आर्थिक विवरण प्रमाणित:नगरपालिकाले कोष तथा लेखा नियन्त्रक कार्यालयबाट लिएको निकासा र खर्चको सो कार्यालयबाट प्रमाणित भई आउनु पर्नेमा प्रमाणित भई आएको देखिएन ।</td><td></td></tr>
<tr><td>२०.</td><td>राजस्व अनुमानः नगरसभाको २०७४।५।३० को बैठकले २०७४।७५ को लागि राजस्वको अनुमान गर्दा आन्तरिक राजस्वबाट रु.६४०७०९६। राजस्व बाँडफाँडबाट रु.३५ लाख समेत जम्मा रु.९९०७०९६। असूली गर्ने गरी राजस्व अनुमान गरेको देखिन्छ । तर नगरपालिकाले यथार्थमा आन्तरिक राजस्वबाट रु.३१२३४२१।४४ र राजस्व बाँडफाँडबाट रु.५७५०९१। समेत जम्मा रु.३६९८५१२।४४(लक्ष्यको ३७.३३ प्रतिशत प्रगति हासिल) प्राप्त गरेको देखियो । नगरपालिकाको आन्तरिक स्रोत परिचालनमा लक्ष्य अनुसार प्रगति हासिल भएको नदेखिएबाट आन्तरिक स्रोतमा परिचालनमा थप प्रयास गर्नुपर्ने देखियो ।</td><td></td></tr>
<tr><td>२१.</td><td>आय व्यय विवरणमा घटी आम्दानी: आय व्यय विवरणमा आन्तरिक राजस्व तर्फ रु.३१२३४२१।४४ देखाएको छ । सो राजस्वलाई पुष्ट्याई गर्न शीर्षकगत राजस्वको विवरण संलग्न गरेको छ । सो विवरणमा कूल आन्तरिक राजस्व रु.३१७९४५६।३४ रहेकोमा आय व्यय विवरणमा सो भन्दा घटी अर्थात रु.३१२३४२१।४४ राजस्व देखाएकोले रु.५६०३४।५६ घटी देखाएको छ । शीर्षकगत असूली भन्दा आय व्यय विवरणमा घटी राजस्व असूल देखाउनुको कारण नखुलेकोले सो रकम दाखिला गर्नुपर्ने रु.</td><td>५६०३४/-</td></tr>
<tr><td>२२.</td><td>मौजुदा सूची: सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६(क) मा मौजुदा सूचीमा सूचीकृत भएका आपूर्तिकर्ता सँग खरिद गर्नुपर्ने उल्लेख छ । देहायका आपूर्तिकर्ता सँग रु.२९५०९२८। को खरिद गर्दा ती आपूर्तिकर्ता मौजुदा सूचीमा समावेश देखिएन । ऐनको व्यवस्था पालना गरी खरिद हुनुपर्ने रु.
<table>
<tr><th>आपूर्तिकर्ता</th><th>विजक नं.</th><th>वीलमिति</th><th>वील रकम</th></tr>
<tr><td>भूमिराज हार्डवेयर इलेक्ट्रिक्स एण्ड सप्लायर्स</td><td>२९१</td><td>२०७५/३/१५</td><td>२०८७००/-</td></tr>
<tr><td>बडु ट्रेडर्स एण्ड सप्लायर्स</td><td>१५१</td><td>२०७५/२/२५</td><td>१०६६६५/-</td></tr>
<tr><td>भूमिराज हार्डवेयर इलेक्ट्रिक्स एण्ड सप्लायर्स</td><td>३०८</td><td>२०७५/३/२५</td><td>१५८४४४/-</td></tr>
<tr><td>भूमिराज हार्डवेयर इलेक्ट्रिक्स एण्ड सप्लायर्स</td><td>३१४</td><td>२०७५/३/२५</td><td>२९५१८३/-</td></tr>
<tr><td>सागर एण्ड वसन्त लटीनाथ</td><td>१४३</td><td>२०७५/३/५</td><td>१११०४२/-</td></tr>
<tr><td>एडभान्स प्रिकाष्ट एण्ड कन्स्ट्रक्सन</td><td>६</td><td>२०७५/२/३</td><td>२८८८२८/-</td></tr>
<tr><td>समाज कल्याण समाज</td><td>५</td><td>२०७५/१/१३</td><td>१५६९८१/-</td></tr>
<tr><td>बडु ट्रेडर्स</td><td>१६१</td><td>२०७५/३/२४</td><td>३८७०७०/-</td></tr>
<tr><td>सुर्मादेवी सप्लायर्स</td><td>१०७२</td><td>२०७५/१/३</td><td>१०३४९९/-</td></tr>
<tr><td>ठगुन्ना जनरल स्टोर</td><td>३०९४</td><td>२०७५/३/२०</td><td>१५५२१७/-</td></tr>
<tr><td>वीर इन्टरनेशनल ट्रेडर्स</td><td>११०</td><td>२०७५/३/२५</td><td>१३९६१८/-</td></tr>
<tr><td>न्यू पाठक हार्डवेयर एण्ड ईलेक्टीक</td><td>२३३८</td><td>२०७५/३/२०</td><td>२८९६२१/-</td></tr>
<tr><td>जानकी दिप्ती ट्रेडर्स</td><td>३</td><td>२०७५/३/२२</td><td>४०००००/-</td></tr>
</table></td><td>२९५०९२८/-</td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td><table><tr><td>ठगुन्ना जनरल स्टोर</td><td>३१७९</td><td>२०७५/३/२५</td><td>१५००६०/-</td></tr><tr><td colspan="3">जम्मा</td><td>२९५०९२८/-</td></tr></table></td><td></td></tr>
<tr><td>२३.</td><td>गो.भौ.नं. ८ मिति २०७५।३।२८ सडक बोर्डबाट लिनुपर्ने: नगरपालिका,सडक वोर्ड र उपभोक्ता समितिको संयुक्त लागतमा निर्माण भइरहेको वडा नं. ४ वजारको पि.सि.सि. कार्यको लागत अनुमान रु.४२८५८०५। रहेको मध्ये सडक विभागको २०७५।१।१९ को पत्रबाट सडक वोर्डले रु.३००००००। व्यहोर्ने उल्लेख छ । वोर्डको सो पत्रमा कम्तिमा ७० प्रतिशत प्रगति हासिल गरेपछि सम्झौता बमोजिमको निकासा लिन यस नगरपालिकालाई अनुरोध गरेको देखिन्छ । नगरपालिकाले सो पि.सि.सि. कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिलाई गो.भौ.नं. ८ मिति २०७५।३।२८ बाट रु.३५०६२७८। बजेट खर्च लेखी भुक्तानी गरेको छ । सो कार्यको वित्तीय प्रगति ८२ प्रतिशत भएको देखियो । यस अवस्थामा सडक वोर्डबाट रु.३० लाख नै निकासा लिनुपर्नेमा मिति २०७५।३।१० मा रु.९ लाख निकासा लिएको देखियो । उपभोक्ता समितिलाई नगरपालिकाको स्रोतबाट भुक्तानी भएकोले सडक वोर्डबाट निकासा लिन बाँकी रु.२१०००००। निकासा लिनुपर्ने रु</td><td>२१०००००/-</td></tr>
<tr><td>२४.</td><td>गो.भौ.नं. १९ मिति २०७५।३।२८ सामान खरिदको लागत अनुमान: सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२(४) अनुसूची १क मा सामान खरिदको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड समावेश गर्न पाइने व्यवस्था रहेको पाईदैन । नगरपालिकालाई आवश्यक परेका कम्प्यूटर तथा प्रिन्टर ११/११ थान लगायतका सामग्री सिलबन्दी दरभाउपत्रको माध्यमबाट खरिद गरी वीर इन्टरनेसनल ट्रेडर्स एण्ड सप्लायर्सलाई रु.१३९९६१८। बजेट खर्च लेखी भुक्तानी भएको छ । सो कार्यको लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड जोडी तयार गरेको र प्रमुख प्रशासकीय अधिकृत श्री खेमराज देवकोटाको निर्णयले सो लागत अनुमान स्वीकृत भएको छ । नगरपालिकाले तयार गरेको लागत अनुमान रु.१२१३७४०। मा १५ प्रतिशत ओभारहेड रु.१८२०६१। जोडी रु.१३९५८०१। ( मू.अ.कर बाहेक) लागत अनुमान स्वीकृत गरेको छ । नियमा व्यवस्था नभएको १५ प्रतिशत ओभरहेड लागत अनुमान समावेश गरी भुक्तानी गरेकोले नियम विपरीत लागत अनुमान तयार गरेको देखिएको रु.</td><td>१८२०६१/-</td></tr>
<tr><td>२५.</td><td>निजी स्रोतलाई अनुदान: गो.भौ.नं. १९२ मिति २०७५।३।२६ नगरसभाको २०७५।१।११ को निर्णय वमोजिम विद्यालय गुणस्तर सुधार सहजकर्ताको लागि रु.५० लाख विनियोजन गरेकोमा यो भौचरबाट रु.४८८८०००। खर्च लेखेको छ । सामुदायिक विद्यालयहरुमा निजी स्रोतमा सञ्चालित विद्यालयका शिक्षकहरुलाई(सहजकर्ता)अनुदान वापत मालिकार्जुन आधारभूत विद्यालय, पौनेलोखा समेतका १४ विद्यालयहरुको बैंक खातामा निकासा गरेको देखियो । निजी स्रोतमा सञ्चालित विद्यालयका शिक्षकहरुलाई दरवन्दी वेगर पटके निर्णयको आधारमा खर्च लेख्न मिल्ने नदेखिएको रु.</td><td>४८८८०००/-</td></tr>
<tr><td>२६.</td><td>निर्माण स्थलको व्यवस्था: सार्वजनिक निकायले निर्माण स्थलको व्यवस्था गरेर मात्र सम्बन्धित योजनाको लागि विनियोजन गर्नुपर्दछ । नगरपालिकाले देहायका ८ योजनामा रु.७० लाख विनियोजन गरेकोमा ती योजनाहरु कार्यान्वयनमा जान सकेको देखिएन । योजना कार्यान्वयन हुन नसक्नुको कारणहरुमा योजना निर्माण स्थलमा सार्वजनिक जग्गा उपलब्ध नहुनु,विनियोजन नपुग हुनु, आषाढमा उपभोक्ता समिति गठन हुनु जनाएको छ । योजना कार्यान्वयनको पूर्व तयारी विना योजनाको लागि बजेट विनियोजन गर्ने गरेको देखियो । निर्माण स्थलको तयारी र योजना कार्यान्वयनको पूर्व तयारी गरेर मात्र विनियोजन गर्नुपर्दछ ।<table><tr><td>योजना</td><td>वडा नं.</td><td>विनियोजन</td></tr></table></td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>तिंकर सडक जोड्ने पि.सि.सी.बाटो</td><td>४</td><td>३५००००/-</td></tr>
<tr><td>कन्या स्कूलको पछाडिको बाटो</td><td>४</td><td>२५००००/-</td></tr>
<tr><td>झ्याल ढोका फर्निचर मर्मत मावि निसिल</td><td>६</td><td>१५००००/-</td></tr>
<tr><td>थामु खानेपानी योजना</td><td>८</td><td>५००००/-</td></tr>
<tr><td>पिपलबोट चौतारा निर्माण</td><td>४</td><td>५००००/-</td></tr>
<tr><td>गोदेखोली कफलानी बाटो</td><td>८</td><td>५००००/-</td></tr>
<tr><td>भूमिराज विउ विजन</td><td>८</td><td>१०००००/-</td></tr>
<tr><td>बेत उलेनी थाप्ला सडक</td><td>९</td><td>६००००००/-</td></tr>
<tr><td>जम्मा</td><td></td><td>७००००००/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.</td><td>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ८५ बमोजिम ५ लाख रुपैया सम्म लागत अनुमान भएका निर्माण कार्य, मालसामान वा परामर्श सेवा खरिद गर्न सकिने र एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमा भन्दा बढी रकम वा एकै व्यक्ति,फर्म कम्पनी वा संस्थाबाट एक पटक भन्दा बढी सोझै खरिद गर्न सकिने छैन भनी व्यवस्था छ । यस नगरपालिकाले निम्नानुसार नियममा व्यवस्था भए अनुसार भन्दा बढी कार्य गराई भुक्तानी गरेको देखिएको निममित नदेखिएको रु.
<table>
<tr><th>निर्माण व्यवसायीको नाम</th><th>निर्माण कार्यको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>जयलटबाबा निर्माण सेवा</td><td>धालीगाडा निसिल सडक मर्मत</td><td>३५७९८६</td></tr>
<tr><td>जयलटबाबा निर्माण सेवा</td><td>मालिकार्जुन मावि घेर पर्खाल</td><td>४७४६०७</td></tr>
<tr><td>गणपति निर्माण सेवा</td><td>कृषि विकास बैक घेर पर्खाल</td><td>४७११७६</td></tr>
<tr><td>गणपति निर्माण सेवा</td><td>मालिकार्जुन मावि छाना मर्मत</td><td>४७१७८५.५९</td></tr>
<tr><td>मालिकार्जुन शिखर निर्माण सेवा</td><td>म.न.पा. ६ पिसिसि बाटो निर्माण</td><td>४७५८१०.८२</td></tr>
<tr><td>मालिकार्जुन शिखर निर्माण सेवा</td><td>म.न.पा.५ रिटेनिङ्ग वाल निर्माण</td><td>३४६३१५</td></tr>
<tr><td>नमस्कार निर्माण तथा ढुवानी</td><td>दत्तुघाट रिटेनिङ्गवाल निर्माण</td><td>४७४५१६</td></tr>
<tr><td>नमस्कार निर्माण तथा ढुवानी</td><td>दत्तुघाट रिटेनिङ्गवाल निर्माण</td><td>४६१२५९</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>३५३३४५५.४१</td></tr>
</table>
</td><td>३५३३४५५/४१</td></tr>
<tr><td>२८.</td><td>मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १७(१) बमोजिम दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ती गर्दा कर अधिकृतले अन्यथा स्वीकृत भएदेखि बाहेक प्रापक लाई अनुसुचि ५ र ५क (१८) बमोजिमको ढाँचामा कर विजक दिनु पर्दछ । त्यसरी कर विजक जारी गर्दा विजक नं. प्रिन्टेड हुनपर्ने, केरमेट नभएको हुनुपर्ने उल्लेख भएकोमा जोशी निर्माण सेवा,महाकाली न.पा.४,दार्चुला लाई रिटेनिङ्गवाल निर्माण वापत वील रकम रु ३४४१४४/- मा मू.अ.कर रु ४४७३८।७५ समेत रु. ३८८८८३। भुक्तानी भएकोमा (कर विजक नं. १ मिति २०७५।३।३०) विजकमा पहिलो विजक नं. मेटी अर्को विजक नं. कायम गरेकोले भुक्तानी भएको मू.अ.कर सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा मु.अ.कर समायोजनको प्रमाण पेश हुनुपर्ने अन्यथा असूल हुनुपर्ने रु</td><td>४४७३८/७५</td></tr>
<tr><td>२९.</td><td>बढी निकासा सम्बन्धमा: प्रथम,दोस्रो तथा तेस्रो चौमासिक रुपमा कार्यालयबाट प्राथमिक,नि.मा.वि.,मा.वि तथा उच्च मा.वि. सामुदायिक विद्यालयका शिक्षकहरु तथा कर्मचारीहरुको अद्यावधिक अभिलेखसँग भिडान गरेर मात्र चौमासिक निकासा दिनुपर्ने</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>व्यवस्था छ । निम्न अनुसारका सामुदायिक विद्यालयका विभिन्न शिक्षकहरुलाई अनिवार्य अवकाश, सरुवा तथा मृत्यु भै सके पनि निजहरुको तलव भत्ता सोही विद्यालयको खातामा निकासा दिएको देखिएकोले सम्बन्धित विद्यालयबाट फिर्ता गरी सर्व सञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><td>शिक्षकको नाम /ठेगाना</td><td>विद्यालयको नाम</td><td>अवकाश मिति/अवधि</td><td>मासिक तवल</td><td>बढी निकासा</td></tr>
<tr><td>द्धितिय शिक्षक श्री शेरसिंह खत्री</td><td>महेन्द्र मावि खलंगा</td><td>२०७४/७/२६ दो.चौ</td><td>५५५८७</td><td>६२९९९/-</td></tr>
<tr><td>द्धितिय शिक्षक श्री हरक सिंह धामी</td><td>मालिकार्जुन मावि,धाप</td><td>२०७४/१२/२० ते.चौ</td><td>३८७०७</td><td>१२९०२१/-</td></tr>
<tr><td>द्धितिय शिक्षक श्री धनसिंह डोवाल</td><td>हुठकर उमावि,काटै</td><td>२०७४/७/२६ प.चौ</td><td>३७८४५</td><td>४१६४६/-</td></tr>
<tr><td>द्धितिय शिक्षक श्री ललित सिंह सामन्त</td><td>गडीभवन मावि,थाप्ला</td><td>२०७४/१२/८ ते.चौ</td><td>३८७०७</td><td>१४४५००/-</td></tr>
<tr><td>द्धितिय शिक्षक श्री मदनसिंह रैखोला</td><td>भगवति प्रा.वि,मसिनि</td><td>२०७५/२/२८ ते.चा</td><td>३८०४५</td><td>३८०४५/-</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td>४१६२११/-</td></tr>
</table></td><td>४१६२११/-</td></tr>
<tr><td>३०.</td><td>पेश्की बाँकी: आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट हुनु पर्दछ । यो वर्ष जिल्ला खेलकुद विकास समिति लाई २०७५।१।१० मा गएको पेश्की रु.१८००००। आर्थिक वर्षको अन्त सम्म पनि फछ्र्यौट भएको नदेखिएकोले सो पेश्की फछ्र्यौट हुनुपर्ने रु</td><td>१८००००/-</td></tr>
<tr><td>३१.</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा अनुसूची १ मा उल्लेख छ । सो बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तरले "C" ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३२.</td><td>बेरुजु : महाकाली नगरपालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो बर्ष असुल गर्नुपर्ने बेरुजु रु. ४ लाख ७५ हजार, अनियमित बेरुजु रु.७२ लाख ४३ हजार, प्रमाण कागजात पेश नभएको वेरुजू रु.७२ लाख ९ हजार र पेश्की बाँकी देखिएको रु.१ लाख ८० हजार समेत रु.१ करोड ५१ लाख ७ हजार बेरुजू कायम भएकोमा समायोजनबाट रु.५ लाख ७६ हजार फछ्र्यौट भई रु.१ करोड ४५ लाख ३१ हजार बेरुजु कायम भएको छ ।</td><td></td></tr>
<tr><td>३३.</td><td>अनुगमन तथा मूल्याङ्कन: स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२)(घ) बमोजिम वेरुजु फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत बर्षको वेरुजु रु.३८५५०/-फछ्र्यौट गरी सम्परीक्षण गरेको छ । बाँकी वेरुजू स्थिति निम्नानुसार देखिएको छ :
<table>
<tr><td>गत वर्षको बेरुजु रकम रु.(क)</td><td>यो वर्ष फछ्र्यौट रु.(ख)</td><td>बाँकी रु. (ग = क-ख)</td></tr>
<tr><td>७५,५१,३३९/१२</td><td>३८५५०/-</td><td>७५१२७८९/१२</td></tr>
</table>
संपरीक्षण गरिएको व्यहोरा:</td><td></td></tr>
</table>

<table>
<tr><th>बेरुजू दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>रकम</th></tr>
<tr><td></td><td>

| दफा | आर्थिक वर्ष | विवरण | फछ्र्यौटको विवरण | रकम |
|---|---|---|---|---|
| २ | २०७३/७४ | लेक सिंचाई ट्याङ्कीको पेश्की बाँकी | प्रमाण पेश भई फछ्र्यौट | २००००/- |
| ३ | २०७३/७४ | नि.प्र.प्र.अ. सुशिल पनेरुको जिम्मामा रहेको मोवाइल सेटका बरबुझारथ नगरेको | दाखिला भई फछ्र्यौट | १६८००/- |
| ६ | २०७३/७४ | समाज कल्याण समाज दार्चुलाकोले कट्टी नगरेको बहाल कर | दाखिला भई फछ्र्यौट | १७५०/- |
| जम्मा | | | | ३८५५०/- |

</td><td></td></tr>
<tr><td>३४.</td><td>

**अधावधिक बेरुजु स्थितिः** नगरपालिकाको आर्थिक वर्ष २०७४।०७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्ष सम्मको फछ्र्यौट गर्न बाँकी रु. (ग) | यो वर्षको सं.प.बाट कायम बेरुजु रु (घ) | यो वर्षमा कायम बेरुजु रु. (ङ) | बाँकी (च=ग+घ+ङ) |
|---|---|---|---|
| ७५१२७८९.१२ | ० | १४५३०७४७.१६ | २२०४३५३६.२८ |

</td><td></td></tr>
</table>

अनुसूची– १

# महाकाली नगरपालिकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि.नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | दार्चुला | महाकाली नगरपालिका | २८ | १३ | १४५३१ | ० | ० | ० | २८ | १३ | १४५३१ | ४७५ | ६६६६ | ७१७३ | ३७ | ० | १३८७६ | ० | १८० | १८० |

अनुसूची- २

# स्थानीय तह सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र.सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | महाकाली नगरपालिका | दार्चुला | २८३६४ | १६८३३७ | १८६९०२ | ५९९४५ | ४१५१८४ | २५३९४४ | १३०४६५ | १६३० | ३८६०३९ | ५७५०९ |